परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

• वर्ष १ • अंक ३२९ • २०७९ साल माघ २० शुक्रबार • (3 February - 2023) • पृष्ठ ४ • मुल्य रु ३।- www.talknepaltv.com

## सांसद अरुणकुमार चौधरी पक्राउ

**टक नेपाल, काठमाडौं ।**

प्रतिनिधि सभाका सदस्य अरुणकुमारी चौधरी पक्राउ परेका छन्। नागरिक उन्मुक्ति पार्टीका सांसद चौधरी बिहीबार दिउँसो बाँकेको कोहलपुरबाट पक्राउ परेका हुन्। उनलाई सार्वजनिक सम्पत्ति आगजनी गरेको अभियोगमा जिल्ला अदालत, कैलालीले दोषी ठहर गरेको थियो। उनलाई त्यही मुद्दामा पक्राउ गरिएको प्रहरीले जनाएको छ। चौधरी गत मंसीर ४ गते सम्पन्न निर्वाचनमा कैलाली-२ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएका थिए । सम्पत्ती आगजनीमा १० वर्षअघि जिल्ला अदालतले ६ महीना



कैद र आठ लाख रुपैयाँ जरिवाना तिर्नुपर्ने फैसला गरेको थियो। तर, फैसला कार्यान्वयन भएको थिएन। चौधरी सांसद भएपछि यो विषय बाहिर आएको थियो। कोहलपुरमा पक्राउ परेका सांसद चौधरीलाई कैलाली पठाउन लागिएको जिल्ला प्रहरी कार्यालय, बाँकेले जनाएको छ ।

## अयोध्यामा बन्ने राममन्दिर निर्माण समितिलाई नेपालको देवशिला हस्तान्तरण



**अजय कुमार झा, जनकपुरधाम ।**

नेपालको पवित्र कृष्ण गण्डकी नदीबाट झिकिएको देवशिला भारतको उत्तर प्रदेशको अयोध्यामा निर्माण हुने राममन्दिर निर्माण समितिलाई आज हस्तान्तरण गरिएको छ । नेपाल सरकारको मन्त्रिपरिषद्को निर्णय अनुसार कृष्ण गण्डकीबाट झिकेर जनकपुरधामको जानकी मन्दिरमा ल्याएर विशेष पूजा अर्चना गरि बाजागाजा तथा झाँकीसहित उत्तर प्रदेशकै गोरखपुर भएर गएराति अयोध्या पुऱ्याइएको थियो । उक्त देवशिला राममन्दिर निर्माण समितिलाई आज एक विशेष कार्यक्रममार्फत हस्तान्तरण गरिएको छ। जानकी मन्दिरका महन्थ रामतपेश्वर दास, पूर्व उपप्रधानमन्त्री एवं नेपाली काँग्रेसका नेता विमलेन्द्र निधि, जनकपुरधाम उपमहानगर पालिकाका नगरप्रमुख मनोज कुमार साह तथा जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशद दास वैष्णव सहितको उपस्थितिमा रामजन्म भूमि मन्दिर निर्माण समितिका महासचिव चम्पत्त रायलाई उक्त देवशिला आज हस्तान्तरण गरिएको छ। गण्डकी प्रदेशको म्याग्दी जिल्लाको बेनी नगरपालिकामा पर्ने कृष्ण गण्डकीबाट देश शिला क्रेनको मद्दतले झिकेर नेपालको अन्य धार्मिक स्थलहरू हुँदै जनकपुरधाम ल्याएर एक दिन सर्वसाधारणको पूजा अर्चनापछि माघ १६ गते जनकपुरधामबाट जटही नाका हुँदै भारतको अयोध्या लगिएको थियो। रामजन्म भूमि मन्दिर निर्माण समितिलाई हस्तान्तरण गरिएको सो देवशिलाबाट भारतको अयोध्यामा बन्ने राम मन्दिरमा भगवान् रामको ७ फिटको मुख्य प्रतिमाको सहितका अन्य प्रतिमाहरू निर्माण हुने भएको छ । मुख्य मूर्तिका लागि ३२ टनको ठूलो देवशीला, लक्ष्मण तथा माता जानकीको प्रतिमा निर्माण गर्नका लागि १८ टनको मझौला देवशिला र भगवान् रामको बाल स्वरूप निर्माण गर्नका ४ टनको अर्को एक देवशिला तथा अन्य १ वटा साना गरेर ४ वटा देवशिला हस्तान्तरण गरिएको जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले जानकारी दिनुभयो । भगवान् विष्णुको स्वरूप मानिएको दुर्लभ शालिग्राम पाइने विश्वका एक मात्र नदी कृष्ण गण्डकी भएकाले भारतको अयोध्यामा बन्ने राम मन्दिर निर्माण समितिले सो ठाउँबाट देवशिला पाउनका लागि जनकपुरधामको जानकी मन्दिरमार्फत नेपाल सरकारसमक्ष माग भएपछि नेपाल सरकारको मन्त्रिपरिषद्को निर्णयबाट सो देवशिला कृष्ण गण्डकीबाट झिकिएर जानकी मन्दिरलाई उपलब्ध गराएपछि मन्दिरका महन्थ दासले राममन्दिर निर्माण समितिलाई हस्तान्तरण गर्नुभएको हो ।

## फरार अभियुक्त पक्राउ गर्न गएका प्रहरीमाथि चक्कु प्रहार, गोली फायर गरी पक्राउ

**टक नेपाल, रौतहट ।**

फरार अभियुक्तलाई पक्राउ गर्न गएको प्रहरीमाथि रौतहटमा चक्कु प्रहार भएको छ । फरार अभियुक्तको चक्कु प्रहारबाट प्रहरी सहायक हवल्दार सुरेश यादव घाइते भएका हुन् । बुधबार दिउँसो रौतहटको गौर नगरपालिका वडा नम्बर २ लालबकैया खोलापारी केरा घारीमा डाँका चोरी र ज्यान मार्ने उद्योग मुद्दाका फरार अभियुक्त बसेको भन्ने सूचना प्रहरी समक्ष आएको थियो । जिल्ला प्रहरी कार्यालय



रौतहटवाट खटिएको प्रहरी टोलीले सर्च अप्रेशन गरेको थियो । गौर नगरपालिका वडा नं। ५ कोइरीटोल बस्ने १९ वर्षीय राहुल यादव र गौर नगरपालिका वडा नं. ४ बस्ने १९ वर्षीय रवि यादवलाई प्रहरीले नियन्त्रणमा लिन खोज्दा राहुलले प्रहरी सहायक हवल्दार यादवलाई चक्कु प्रहार गरेका थिए । प्रहरी सहायक हवल्दार सुरेशको दाहिने हातमा चोट लागेको छ । प्रहरीले चाइनिज पेस्तोलबाट १ राउण्ड हवाइफायर गरी राहुल यादवलाई पक्राउ गरेको थियो । उनको साथबाट चक्कु र कैची समेत बरामद गरेको छ । घटनापछि भाग्न सफल रविलाई खोजतलास गर्ने क्रममा बिहीबार बिहान नियन्त्रणमा लिएको सूचना अधिकारी प्रहरी नायब उपरीक्षक उमाशंकर प्रसाद यादवले बताए । रौतहट गौर नगरपालिका वडा नम्बर ४ मै लुकेर बसेको अवस्थामा पक्राउ गरिएको प्रहरीले जनाएको छ । उनीहरु दुवै जनालाई जिल्ला प्रहरी कार्यालय रौतहटमा राखेर प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको छ ।




परिवर्तनका लागि एक सशक्त आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक



# बिहान उठेर गर्नै नहुने ७ काम

एजेन्सी । बिहान चाँडै उठ्नु राम्रो बानी हो । हामीमध्य धेरै यस्ता पनि छौं जो बिहान उठेर पानी पिउने, मेडिटेशन गर्ने, व्यायाम गर्ने र बिहानको समय मर्निंग वाक गर्ने गर्छौं । एकातिर यी सबै बानी स्वस्थ जीवनका लागि राम्रो हो भने अर्कोतिर केही यस्ता बानी पनि हुन्छन् जसले हाम्रो स्वास्थ्यमा नराम्रो असर पर्ने हुन्छ । दिनको शुरुवात जसरी हुन्छ, त्यसले हाम्रो पूरै दिनको लागि स्वास्थ्यलाई पनि प्रभावित गर्छ । यदी शुरुआत राम्रो हुन्छ भने पूरै दिन स्फूर्ति बनिर हन्छ । केही यस्ता बानी जसले हामीलाई स्वस्थ राख्छ भने केही यस्ता बानी पनि हुन्छन् ज्न हामीलाई थाहा हुन्न र त्यसले हाम्रो स्वास्थ्यमा नराम्रो असर पारिरहेको हुन्छ । यस्तो अवस्थामा हामीले जान्नु जरुरी हुन्छ, बिहान उठेर के गर्नु राम्रो हुन्छ जसले हाम्रो स्वास्थ्यलाई हानी पुर्याउन सक्छ।



### धुम्रपान

धुम्रपान कुनै पनि बेला गर्न सकिन्छ, यद्यपी धुम्रपान गर्नु स्वास्थ्यलाई नोक्सान पुऱ्याउनु हो । तर, बिहान उठ्ने बित्तिकै सिगरेट, बिडी पिउनु धेरै नै खतरनाक हुन सक्छ । यसले क्यान्सर हुने आशंका बढी हुन्छ ।

### रक्सी पिउनु

कतिपयको बानी यस्तो हुन्छ जो बिहान उठेर आफ्नो दिनको शुरुवात रक्सी खाएर गर्ने गर्छन् । बिहान उठुनासाथ रक्सी खानाले हाम्रो स्वास्थ्यमा नराम्रो असर पर्छ र हामी विभिन्न रोगको शिकार हुन सक्छौं ।

### रिसाउने, झगडा गर्ने

दिनको शुरुवात सधैं सकारात्मक भावनाका साथ गर्नुपर्छ । बिहान उठ्नासाथ कोहीसँग पनि रिसाउने झगडा गर्ने बानीले तपाईंमा नकारात्मक प्रभाव पर्ने र तनाव हुने हुन्छ ।

### मसालेदार खाना

बिहानको समय मसालेदार खाना खानबाट टाढै बस्नु पर्छ । मसालेदार खाना खानाले धेरै प्रकारका रोग लाग्ने हुँदा बिहान सकेसम्म पौष्टिकयुक्त खाना खानु स्वास्थ्यवर्द्धक हुन्छ ।

### खाली पेट कफी

संसारमै हेर्ने हो भने प्रायः सबै मानिसले आफ्नो दिनको शुरुवात चिया वा कफी पिएर गर्छन् । तर, विशेषज्ञहरुका अनुसार बिहान खाली पेटमा कफी पिउनाले कोर्टिसोलको मात्रा बढाउँछ। जो शरीरका लागि हानिकारक छ ।

### अशान्त हुने कार्यक्रम नहेर्ने

यदी तपाईं बिहान उठेर टिभी हेर्ने गर्नु हुन्छ भने मन मशान्त हुने भड्किलो कार्यक्रम नहेर्नुस् । यसले तपाईंको मुड बिगार्ने हुँदा तपाईंको स्वास्थ्यलाई पनि असर पार्ने हुन्छ । भड्किलो कार्यक्रमले तपाईंलाई तनाव पनि उत्पन्न गराउन सक्छ ।

### फेरि सुत्ने

उठेपछि फेरि सुत्ने हामी मध्ये धेरैको बानी हुन्छ, जो बिहान उठ्न रुचाउँदैनौं। त्यस मध्ये केही यस्ता हुन्छौं जो ओछ्यानबाट उठेर सोफा या अन्य कुनै ठाउँमा गएर सुत्ने गर्छौं । यो बानी एकदमै नराम्रो बानी हो । यस्तो बानीले तपाईंको निद्रा पुरा भएर तपाईंले फ्रेश अनुभव गर्न सक्नु हुन्न । जसले गर्दा तपाईं दिनभर सुस्त देखिने र काममा पनि मन नलाग्ने हुन्छ।

# कृषि सामुदायिक वन कार्यक्रम प्रभावकारी बन्दै




टक नेपाल, जनकपुरधाम । सर्लाहीको हरिवन नगरपालिका-३, ४ र ५ स्थित लखनदेही नदी किनारको नदी उकास जमिनश कृषि सामुदायिक वन कार्यक्रमअन्तर्गत तरकारी खेती कार्यक्रम प्रभावकारी बन्दै गएको छ । कोरोना सङ्क्रमणको प्रभावमा परेका विपन्न किसानले नदी उकास जमिनमा कृषि सामुदायिक वन कार्यक्रमअन्तर्गत तरकारी खेती गरी बगरलाई हराभरा बनाएका छन् । हरिवन-३, ४ र ५ का कोभिड-१९ पीडित विपन्न किसानले बगरमा कृषि सामुदायिक वन कार्यक्रमअन्तर्गत तरकारी खेती गर्दै आएका छन् । नदी उकास, खेर गइरहेको वन क्षेत्र र बगरका खाली जमिनमा कृषि सामुदायिक वन कार्यक्रमअन्तर्गत खनजोत गरी लगाइएको तरकारी खेतीबाट पर्याप्त उत्पादन भएपछि जीविकोपार्जन गर्न सहज भएको हरिवन-४ का वडाध्यक्ष केशवराज थापाले बताउनुभयो। किसानले बगरखेती गरी उत्पादन गरेको तरकारी बिक्रीबाट पर्याप्त आम्दानी गर्न थालेपछि घर व्यवहार चलाउन सहज भएको छ । तीन समूहमा विभाजन गरी कृषि सामुदायिक वन कार्यक्रमअन्तर्गत तरकारी खेती गर्दा जीविकोपार्जनका लागि अन्यत्र जानुपर्ने बाध्यता हटेको हरिवन-३ मोहनपुरकी किसान एवं मोहनपुर कृषि सामुदायिक वन समूहकी अध्यक्ष गङ्गाकुमारी ब्लोनले बताउनुभयो। हाल उक्त वन समूहमा ६६ विपन्न कृषक आवद्ध छन् । उनीहरुले खुर्सानी, करेला, लौका, कांक्रा, फर्सी, भिण्डीलगायत तरकारी उत्पादन गर्दैआएका छन् । कृषि सामुदायिक वन समूह निर्माण गरेर नदी उकास तथा बगरको खेर गएको जमिनमा उत्पादन गरेको तरकारी बिक्रीबाट भएको आम्दानीको केही रकम आफ्नो समूहमा जम्मा गर्ने गरेकोसमेत उहाँले बताउनुभयो । 'तरकारी बिक्रीबाट आउने केही पैसा हामीले समूहमा जम्मा गर्ने गरेका छौँ, त्यो पैसा कहिलेकाहीँ बीउबिजन किन्न तथा पैसा अभाव भएको समयमा समूहका सदस्यले पालैपालो चलाउने गरेका छौँ', अध्यक्ष ब्लोनले भन्नुभयो । सामुदायिक वनको खाली, पर्ती जग्गा र नदी उकास जग्गामा तरकारी खेती गर्न थालेपछि घर व्यावहार चलाउन सहज भएको छ । हरिवन-४ की अजमिरी खातुनले तरकारी खेतीबाट मनग्य आन्दानी गर्नुभएको छ। समूहकी कोषाध्यक्षसमेत रहनुभएकी उहाँले खर्बुजा, काँक्रा, बोडी, भाण्टालगायत तरकारी लगाउनुभएको छ। ग्रामीण स्वयंसेवक समाज हरिवनले करिब २० बिघा जमिनमा विभिन्न कृषक समूह बनाई सामूहिक तरकारी खेती गरेको छ । हरिवन नगरपालिकाले उपलब्ध गराएको खाली पर्ती, ऐलानी र खेर गइरहेका सामुदायिक वन क्षेत्र तथा नदी उकासमा गरिएको कृषि खेतीबाट हरिवन नगरपालिका-३ का ६६ परिवार, हरिवन नगरपालिका ४ का ४८ परिवार र हरिवन नगर पालिका-५ का ८६ परिवार प्रत्यक्ष लाभान्वित भएका छन् ।

# पत्रकारितामा नरहेकालाई स्वेच्छिक रुपमा सदस्यता त्याग गर्न महासंघको अपील

टक नेपाल, काठमाडौं । नेपाल पत्रकार महासंघले पत्रकारितामा नरहेका तर महासंघको सदस्यता कायम रहेका व्यक्तिहरुलाई ऐच्छिक रुपमा सदस्यता परित्याग गर्न अपील गरेको छ। महासंघले सदस्यता शुद्धीकरण गर्ने अभियान सञ्चालन गर्न लागिएको भन्दै सो अपील गरेको हो। यसका लागि गत पुस ८ र ९ गते सुर्खेतमा सम्पन्न केन्द्रीय साधारणसभाबाट महासचिवको नेतृत्वमा शुद्धीकरण समितिसमेत गठन गरिएको महासंघले जनाएको छ । साधारणसभाबाट गठित सदस्यता शुद्धीकरण समितिले साधारण सभाबाट प्राप्त कार्यादेश बमोजिम कार्य अगाडि बढाएको समितिका संयोजकसमेत रहेका महासचिव रोसन पुरीले जनाएका छन् । अपीलमा भनिएको छ, समितिको बैठकहरूबाट 'सदस्यता शुद्धीकरण अभियान २०७९' थालनी गर्ने निर्णय भए बमोजिम महासंघका सम्पूर्ण सदस्यहरू र सबै शाखाहरू, एसोसियट संस्थाहरू र वैदेशिक शाखाहरूलाई शुद्धीकरण अभियानमा साथ दिन यो आह्वान गरिएको छ । समितिले महासंघमा आवद्ध सबै सदस्यहरूको अद्यावधिक विवरण संकलन गरी छानबिन गरेरमात्रै सदस्यता नवीकरण, स्थानान्तरण र नयाँ सदस्यताको प्रक्रियालाई अगाडि बढाउने नीति तय गरेको छ । अतः पत्रकारितामा नरहेका तर महासंघको सदस्यता कायम भएका सबैमा स्वेच्छिक रूपमा अबिलम्ब सदस्यता त्याग गर्न अपील गरिन्छ। अन्यथा समितिले तयार पारेको सदस्यता शुद्धीकरण मापदण्ड मस्यौदामाथि शाखा, एशोसिएट, प्रदेश र केन्द्रीय समितिसँग आवश्यक परामर्शपछि अन्तिम रुप दिई कडाईका साथ लागू गरिने र त्यसक्रममा विभिन्न कारणले हाल पत्रकारितामा नरहेका तर महासंघको सदस्य कायम रहेकाहरूले स्वेच्छिक रूपमा सदस्यता त्याग गरेको नपाईए प्रकृयागत रूपमै सदस्यताको सूचीबाट हटाइनेतर्फ सचेत गराइन्छ ।

# दुई महिनादेखि अन्धकारमा.........................

समितिका पदाधिकारीलाई पटक पटक हरहिसाब सार्वजनिक गर्न माग गर्दा समेत हिसाबकिताब केही नरहेको बताउनुले पनि आर्थिक अनियमितता भएको वडाध्यक्ष राईले आरोप लगाएका छन्। वडाध्यक्ष राईले केही दिनभित्रै स्थानीय बासिन्दाको घरमा प्राधिकरणकै मिटर राखेर बत्ती जोड्ने पहल गरिरहेको बताए। नेपाल विद्युत् प्राधिकरणको बरहथवा वितरण केन्द्रले बरहथवा-११ को सामुदायिक विद्युतीकरणलाई प्राधिकरणमै गाभ्ने प्रक्रिया अघि बढेको जनाएको छ । हाल सहकारीको नाममा रहेको १३ लाख रुपैयाँ नगरपालिकाले तिर्ने सहमतिपछि उक्त गाउँमा मिटर जडान गरेर बत्ती सञ्चालन गर्ने तयारी भइरहेको वितरण केन्द्रका प्राविधिक प्रमुख छोटेलाल यादवले जानकारी दिए । '२३ लाख रुपैयाँ बक्यौतामध्ये १० लाख रुपैयाँ स्थानीय बासिन्दाले नै उठाएर बुझाएका छन्। बाँकी १३ लाख नगरपालिकाले तिर्ने भनी कार्यपालिका बैठकबाट भएको निर्णय प्राप्त भएको छ', वितरण केन्द्रका प्राविधिक प्रमुख यादवले भने, 'अब त्यहाँ बिजुली सञ्चालन गर्न स्थानीयलाई धमाधम मिटरको फर्म भराइरहेका छौं, केही दिनभित्रै मिटर जोडी बत्ती बाल्ने व्यवस्था गर्नेछौं।'

## ☎ आवश्यक टेलिफोन नम्बरहरु ☎

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | सम्मान र प्रतिष्ठा प्राप्त हुनसक्छ । | तुला | आज कार्य सम्पादनमा सहजता मिल्नेछ । |
| बृष | आज नयाँ कामका विभिन्न अवसर फेला पर्ने छन् । | वृश्चिक | परिवारभित्रका झिनामसिना काममा धेरै समय खर्चनु पर्नेछ, तर सहयोगी र नातागोताको साथ मिल्नेछ । |
| मिथुन | आफ्नो प्रयासबाट दीर्घकालिक फाइदा पुग्न सक्छ, त्यसैले आफ्नो विचार र योजनालाई रचनात्मक रूप प्रदान गर्ने प्रयास गर्दा राम्रो हुनेछ । | धनु | आज नयाँ कार्यको योजना या थालनी हुनेछ । |
| कर्कट | आज मनमा देखिने अस्थिरता अधैर्यताका कारण निर्णायक क्षमतामा कमी आउनेछ । | मकर | आज समाज र राज्यबाट मान सम्मान पाइनेछ । |
| सिंह | आज राजनैतिक क्षेत्रका व्यक्तिले सफलता र प्रशंसा पाउनेछन् । | कुम्भ | ठीक समयमा सही निर्णय लिन सकिनेछ । |
| कन्या | धार्मिक कार्य सफल हनेछ । | मीन | आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

## ....सम्पादकीय

# वनमा मन

वर्तमान विश्वका प्रमुख चुनौती जैविक विविधता ह्रास, वातावरण प्रदूषण र जलवायु परिवर्तन हुन्। मानवीय गतिविधिद्वारा सिर्जित यी चुनौतीका कारण मानव अस्तित्व नै संकटमा परेको छ। यसले पृथ्वीका अन्य जीवजन्तु र वनस्पतिको अस्तित्वमा पनि संकट निम्त्याएको छ। वर्तमान विश्वले भोगिरहेका यी चुनौतीलाई सामना गर्न हरेक राष्ट्रको उत्तिकै महत्त्वपूर्ण भूमिका रहन्छ। नेपालको सन्दर्भमा यस्तै वातावरणीय चुनौतीलाई सम्बोधन गर्ने केन्द्रीय निकायका रूपमा वन तथा वातावरण मन्त्रालय रहेको छ । विडम्बना, यो मन्त्रालय पछिल्ला महिनामा नेतृत्वविहीन छ। मन्त्रालय अहिले मन्त्री र सचिवविहीन छ। मन्त्रालयका उच्च अधिकारी नेतृत्वविहीनताले कतिपय महत्त्वपूर्ण कामको सम्पादन र निर्णय हुन नसकेको स्विकार्छन्। वर्तमान सरकारले सत्ता सम्हाल्नुअघि पनि केही महिना यो मन्त्रालय मन्त्रीविहीन थियो। गत पुस १० यता पुष्पकमल दाहालले प्रधानमन्त्रीको कार्यभार सम्हालेपछि पनि वन तथा वातावरण मन्त्री नियुक्त गरेका छैनन् र सचिवको रिक्त पद पनि कायमै छ। यसरी सरकार गठनको राजनीतिक भागबन्डामा सत्ता सहभागी दलको रोजाइमा यो मन्त्रालय परेको छैन र हाल प्रधानमन्त्री स्वयम्ले यो जिम्मेवारी लिएका छन्। राजनीतिक दलले चुनावी घोषणापत्रमा वनबाट आर्थिक समृद्धि गर्ने, जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमलाई प्राथमिकता दिने तथा मानव स्वास्थ्यका लागि प्रतिकूल असर पार्ने प्रदूषण नियन्त्रण जस्ता कार्यलाई प्राथमिकतामा राखेका छन्। तर यी प्राथमिकताको कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी बोकेको वन मन्त्रालय उनीहरूको रुचिको मन्त्रालय हुन सकेको छैन। राजनीतिक रोजाइ नपरे पनि यस मन्त्रालयको जिम्मेवारी अत्यन्त महत्त्वपूर्ण छ । नेपालको कुल क्षेत्रफलको करिब ४४.७४ प्रतिशत भूभाग जङ्गलले ढाकेको छ। कृषिलगायत पर्यटन, वातावरण, जैविक विविधता एवम् भौगोलिक विकास संरचनाको मेरुदण्डका रूपमा रहेको वन क्षेत्रबाटै मुलुकवासीका काठ, इन्धन, पशुआहार, जडीबुटीलगायतका अधिकांश दैनिक आवश्यकताको आपूर्ति हुँदै आएको छ। वन तथा जलाधार संरक्षणले कृषियोग्य भूमिको रक्षा र उत्पादकत्वमा वृद्धि, पानीमुहान, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण, जलवायु शुद्धीकरण जस्ता मानव स्वास्थ्य रक्षा एवम् प्रकृति र वातावरणीय स्वच्छता कायम राख्न सहयोग गरेको छ । आर्थिक हिसाबले पनि राष्ट्रिय अर्थतन्त्रमा वनको ठुलो महत्त्व छ । यस क्षेत्रबाट उत्पादित काठदाउरा र जडीबुटीको बिक्रीबाट मात्र बर्सेनी करिब दुई अर्बभन्दा बढी राजस्व संकलन हुने गरेको सरकारी तथ्यांक छ। यो योगदान अझै बढी हुन सक्ने विज्ञको आँकलन छ। गरिब, महिला, दलित र उपेक्षित वर्गलाई समेत समुदायमा आधारित वन व्यवस्थापनका माध्यमले राष्ट्रिय मूल प्रवाहमा समावेशीकरण गर्दै गाउँस्तरसम्म विकेन्द्रीकरण र सुशासनको प्रत्याभूति दिन योगदान गरेको छ । वनको बहुआयामिक उपयोगतर्फ सरकार र नीतिनिर्माताको ध्यान पुग्न सकेको छैन। वातावरणीय संवेदनशीलता, प्राकृतिक विपत्ति तथा जलवायु परिवर्तनको प्रभावका दृष्टिकोणले नेपाल उच्च जोखिममा रहेको छ। संवेदनशील भूधरातलीय र भौगोलिक अवस्थिति तथा कमजोर भौगर्भिक बनावटका कारणले गर्दा मानवजन्य तथा प्राकृतिक प्रकोपका प्रभावबाट भारी मात्रामा धनजनको क्षति र वातावरणीय समस्या नेपालले बेहोर्नु परेको छ । नेपालले वन, वातावरण तथा जलवायु परिवर्तनलाई सम्बोधन गर्ने संयुक्त राष्ट्र संघीय विभिन्न महासन्धिमा हस्ताक्षर गरेको छ र पक्षराष्ट्रका रूपमा आफ्ना रणनीति तथा कार्यनीति बनाएर कार्यान्वयन गरिरहेको छ। नेपालको सामाजिक-आर्थिक विकासमा न्यून कार्बनमुखी एवम् जलवायु समयानुकूलित सोचको अवलम्बन, स्रोत व्यवस्थापनमा कुशलता तथा सामाजिक रूपमा समावेशी दृष्टिकोणलाई आत्मसात गर्ने प्रयास भएको छ । नेपालले हरित अर्थतन्त्रमुखी रणनीतिलाई प्रमुखता दिएको छ । अन्तर्राष्ट्रिय मञ्चमा नेपालले आफ्नो वन तथा वातावरणसँग सम्बद्ध मुद्दालाई उठाउँदै आएको छ।

टक नेपाल
राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"

# ठेक्का लागेको झण्डै तीन........

भौतिक पूर्वाधार विकास मन्त्रालयसंग वर्ल्ड.आई.एस.एन.जे.भी.बीच ६ करोड ९७ लाख ३६ हजार ११८ रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो। १५ महिना भित्र काम सक्ने गरी । ठेक्का सम्झौताको बेला मन्त्रालयका सचिव थिए राजेन्द्र खनाल । भौतिक पूर्वाधार मन्त्रालयका इन्जिनियरसमेत रहेका सूचना अधिकारी माधव देवका अनुसार मधेश भवन भित्र २ किलो ७ सय मिटर सडक कालोपत्रे, सडक छेउमा पानी निकासकालागि साइड ड्रेन मर्मत तथा जडान, फुटपाथमा ब्लक लगाउने जस्ता काम गर्नुपर्ने सम्झौता रहेको छ। तर सुरुको १५ महिनामा आधा पनि काम निर्माण कम्पनीले गर्न सकेन । पुनः तीन महिनाको म्याद थपियो । चैत मसान्त २०७८ सम्म निर्माण कम्पनीले काम सकाउनु पर्ने थियो । अझैसम्म काम अधुरै छ। छिटफुट रुपमा फुटपाथ र ड्रेनको काम भएको देखिन्छ। निर्माण कम्पनीका प्रतिनिधि खुसीलाल ठाकुर भौतिक पूर्वाधार मन्त्रालयको लापरवाहीले काम समयमा पुरा गर्न नसकेको आरोप लगाउँछन् । 'सम्झौता लगतै हामी काम सुरु गर्यौं । फिल्डमा काम गर्न जाँदा डिजाइन रिपोर्टनै मिलेन। सम्झौता केही डिजाइन रिपोर्ट केही । सायद कतैबाट मन्त्रालयले कपीपेस्ट गरेको थियो'खुसीलालले भने 'हामीले डिजाइन रिपोर्ट बनाएर दियौं। ज्वाइन्ट सर्वे रिपोर्ट । १० महिना पश्चात रिपोर्ट स्वीकृत गरेर दियो । २०७८ माघमा स्वीकृत गर्यो । त्यसपछि काम अघि बढायौं ।' कम्पनीले हालसम्म तीनचरणमा गरी १ करोड ३० लाख भुक्तानी लिएको ठाकुर बताउँछन् । २०७८ चैत मसान्तमा म्याद समाप्त पश्चात अहिलेसम्म निर्माण कम्पनीको म्याद थपिएको छैन । जसको दोष निर्माण कम्पनीले मन्त्रालयलाई दिन्छ भने मन्त्रालयले कम्पनीलाई दोषी देखाउँछ। निर्माण कम्पनीका प्रतिनिधि ठाकुरका अनुसार २० असार २०७९ मा १२ औं संशोधन आयो। पुस मसान्तसम्म म्याद माग गर्न मन्त्रालयको सचिव दीपकुमार दासका अनुसार नै कागजात तयार गरेको तर म्याद नथपि दिएकाले काम समयमा पुरा नभएको निर्माण कम्पनीका ठाकुर आरोप लगाउँछन् । 'नेपाल सरकारले ८ भदौ २०७९गतेसम्मको डेडलाइन कुनै पनि ठेक्को जानकारी दिन भनेको थियो । साउन ६ गतेमा चैत मसान्तसम्मकालागि सबै पेपर तयार गरेर दियौं । तर अहिलेसम्म म्याद थप गरेको छैन । न अहिलेसम्म जति काम भएको भुक्तानी दिन मानिरहेका छन् ।' ठाकुरल थपे । तत्कालिन मन्त्रालयका सचिव दासले भने निर्माण कम्पनीको छाँटकाटले काम गर्नै नसक्ने देखेर आफ्नै पालामा बैंक धरौटी फिर्ता गर्न प्रक्रिया अघि बढाइ सकेको बताउँछन् । 'म रहँदासम्म म्याद थप्ने स्थिति थिएन। यस्ता निर्माण कम्पनीले जतिपटक म्याद थपे पनि काम हुँदैन। उसले काम गर्नै सक्दैन लागेर मैले बैंकको धरौटी फिर्ता गर्ने प्रक्रिया अघि बढाएका थिएँ। जब त्यो प्रक्रिया अघि बढाइ सकिएको छ भने उसलाई म्याद कसरी थप्न मिल्छ ?' तत्कालिन सचिव दासले भने । निर्माण कम्पनीलाई बाधा अड्चन कुनै नहुँदा र सबै प्रक्रिया पुरा गरि दिँदा पनि काम गर्न नसकेको उनको भनाइ छ । '११ संशोधनमा म्याद थप भइसकेका निर्माण कम्पनीलाई १२ औं संशोधनमा म्याद थप्ने अधिकार छैन। १२ संशोधन उनीहरुको सहुलियतका लागि हो, जुन कानुनी प्रक्रिया अनुसार आउनु पर्छ । तर उसले त्यो गर्न सकेन ।' उनले थपे । भदौ १९ मा सचिव दासको सरुवा भएपछि उनको स्थानमा २० भदौमा कृष्णकुमार मिश्र आएका थिए । नयाँ सरकार गठन भएपछि निर्माण कम्पनीले सडकमा पानी छर्किने माटो मिलाउने काम गरिरहेका छन् । तर निर्माण कम्पनीको म्याद भने थपिएको छैन । मन्त्रालयका सचिव मिश्रले म्याद थप नगरेपनि दुई महिना भित्र काम सम्पन्न गर्न मौखिक प्रतिवद्धता गरे अनुसार निर्माण कम्पनीले काम अगाडी बढाएको बताए । 'बैंक धरौटी फिर्ता गर्ने प्रकृया हामीले थालेका थियौं । मैले बोलाएर सोधे ठेक्का तोड्नु हुन्छ की काम गर्नु हुन्छ, उनले भन्यो काम गर्छु। कम्पनीले काम सुरु गर्यो। आउटपुट रिजल्ट राम्रो दियो भने थुप्रै गल्ती क्षम्य हुन सक्छ।' सचिव मिश्रले भने थुप्रै कामहरु गरिसकेको छ । अब सडकमा बेस हालेर कालो पत्रे गर्छ । काम सकेपछि हामी प्रक्रिया पुर्याएर भुक्तानी गरिदिन्छौं' निर्माण कम्पनीका प्रतिनिधि ठाकुरले अहिले चर्को घाम नलागे काले कालोपत्रेको काम सुरु गरेको र अब चाँडै गर्ने बताए । मन्त्रालयले यो निर्माण कार्यको टेण्डर गरेयता सो मन्त्रालयको तीन मन्त्री परिवर्तन भइसकेको छ भने चार जना सचिव फेरिएको छ। लोसपाका जितेन्द्र सोनल, काँग्रेसका रामसरोज यादव पश्चात सो मन्त्रालयको जिम्मेबारीमा एमालेका सरोजकुमार यादव आएका छन् । यस्तै सो अवधिमा मन्त्रालयका सचिव राजेन्द्र खनाल, रामआधार साह र दीपक कुमार दास सरुवा भएर कृष्णकुमार मिश्र जिम्मेबारीमा छन् । तर निर्माण काम भने सकिएको छैन । मधेश भवनमै विकास निर्माणको यो अवस्थाले प्रदेश सरकारको समग्र अवस्थाको उजागर गर्छ । तर सरकार आफ्नै घरको काममा तमासे बनेका छन्। बन्द भएर अलपत्र अवस्थामा भएको जनकपुर चुरोट कारखानाको भौतिक संरचना तथा परिसरलाई २०७४ मा प्रदेश सरकारको व्यवस्थापन गरियो । जसको नाम लालबाबु राउन नेतृत्वको सरकारले मधेश भवन नामाकरण गरेको थियो । त्यही मधेश भवन भित्र मुख्यमन्त्रीको कार्यालय तथा निवास, प्रदेश प्रमुखको कार्यालय तथा निवास, एक बाहेक ९ वटा मन्त्रालय, सबै मन्त्री, सचिव र अधिकृतको सरकारी आवास छ। पहिलाकै संरचनालाई मर्मत सम्भार तथा जिर्णोद्वार गरि व्यवस्थापन गरिएको छ । मधेश प्रदेशको स्थायी राजधानी र नामाकरण सकिएपछि मधेश भवनलाई नै प्रदेश सरकारको स्थायी प्रशासनिक संरचना बनाउने तयारीमा छ। केही नयाँ संरचना निर्माणको काम पनि अघि बढाइएको छ ।

लिङ्ग छनोट गरि गर्भपतन गर्नु अपराध हो

☞ लिङ्ग पहिचानको आधारमा छोरा र छोरीमा विभदे गरी सन्तान जन्माउने कार्य नगरौ, नगराऔ ।
☞ प्रवधिको प्रयोग गरी लिङ्ग पहिचान गर्ने र गर्भपतन गराउने कार्य अपराध हो ।, त्यसता कार्य गर्नु वा गराउनु हुदैन् ।
☞ चिकित्सक समेत त्यस्ता कार्यलाई निरुत्साहित गरी चिकित्सा पेशालाइ मर्यादित बनाऔ ।
☞ विभेद रहित समाजको निर्माण गरौ ।

एकडारा गाउँपालिका, एकडारा, महोत्तरी



टक नेपाल
Talk Nepal National Daily
जि.प्र.का. महोत्तरी दर्ता नं. ५६-२०७८-०७९



# राष्ट्रिय टिममा सन्दीप लामिछाने समावेश



**टक नेपाल, काठमाडौं ।** जवरजस्ती करणीको आरोप लागेपछि साढे तीन महिना निलम्बनमा परेर फुकुवा भएका पूर्व कप्तान सन्दीप लामिछाने राष्ट्रिय क्रिकेट टिममा समावेश भएका छन् । बुधबार नेपाल क्रिकेट संघ (क्यान)को बोर्ड बैठकले सन्दीपको निलम्बन फुकुवा गर्ने निर्णय गरेको थियो । राष्ट्रिय टिममा फर्काउने अधिकार भने खेलाडी छनोट समितिलाई दिइएको थियो । क्रिकेटका प्रमुख छनोटकर्ता दीपेन्द्र चौधरीले टिममा सन्दीपको आवश्यकता देखेर नेपालमा हुने आसन्न चारवटा एकदिवशीय अन्तर्राष्ट्रिय खेलका लागि टिममा समावेश गर्ने निर्णय भएको बताए । उनका अनुसार सन्दीपलाई आज साँझदेखि क्याम्पमा सहभागी हुन भनिएको छ । चौधरीले भने, 'सन्दीपको क्षमताको बारेमा त सायद कसैलाई शंका हुने छैन । फिटनेस र फिजियो चाहीँ हेर्नुपर्छ ।' छनोट समितिले टिममा समावेश गर्ने निर्णयसँगै सन्दीपले बिहीबारै प्रमुख प्रशिक्षक मोन्टी देशाईसँग भेटेर कुराकानी गरेका छन् भने केही खेलाडीसँगै कीर्तिपुरमा पुगेर अभ्यास गरेका छन् । बिहीबार राष्ट्रिय टिमको 'रेष्ट डे' भएकाले शुक्रबार मात्र उनको फिटनेस परीक्षण हुनेछ । 'फिटनेस ट्रेनर र फिजियोको रिपोर्ट सकारात्मक आएपछि सन्दीप नियमित प्रशिक्षण सुरु गर्ने क्यानका क्रिकेट म्यानेजर विनोद दासले भनेका छन् । नाबालिग बलात्कार आरोप लागे पछि सन्दीपलाई असोज २० गते प्रहरीले पक्राउ गरेको थियो । त्यसको भोलिपल्ट क्यानले उनलाई राष्ट्रिय टिमबाट निलम्बन गरेको थियो । सन्दीप उच्च अदालतको आदेशपछि मंसिर २९ गते धरौटीमा रिहा भएका छन् ।

# ठेक्का लागेको झण्डै तीन वर्षमा पनि बनेन मधेश भवनको सडक



**टक नेपाल, जनकपुरधाम ।** २४ घण्टा मुख्यमन्त्री, मन्त्री, सांसद, सचिव, अधिकृतको ओहोर दोहोर भइरह्ने ठाउँ हो मधेश भवन । जुन बाटो भएर उनीहरु गाडीमा आउजाउ गर्छन्, धुलो उड्छ । धुलोले मुख्यमन्त्री, मन्त्री, सचिव लगायतलाई खासै फरक पर्दैन, किन भने उनीहरु चिप्ला चारपांग्रे एसीबाला गाडीमा हुन्छन् । त्यसैले होला मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकार यो सडक गाडीमै कुदेर पाँच वर्षे कार्यकाल बिताइसके । लालबाबु सरकारलाई यो निर्माणाधिन सडकले गिज्याइरह्यो । तर, फरक परेन । धुलोले मधेश भवनमा दुई पांग्रे तथा पैदल हिड्ने कर्मचारी र सर्वसाधारण आजित भइसकेका छन् । 'मोटरासइकलले मधेश भवनको बाटो आउजाउ गर्दा धुलोले आजित भइसकेको छु । कपडा फोहर हुन्छ । रुघाखोकी लग्छ' समाजिक विकास मन्त्रालयका एक कर्मचारीले गुनासो गर्दै सुनाए 'बाटो बन्न लागेको तीनवर्ष भइसक्यो । लालबाबु सरकारको कार्यकाल सकि सकेको छ । तर सडक जस्ताको त्यस्तै छ ।' मधेश सरकारको प्रशासनिक भवन तथा आवास रहेको मधेश भवनको यो सडकले सरकारको कामकार बाहीको सचित्र बर्णन गर्छ । पूर्व राजपा तथा तत्कालिन जसपाका मन्त्री जितेन्द्र सोनलकै पालामा मधेश भवन भित्रको सडक कालोपत्रे, नाला, फुटपाथ व्यवस्थापन तथा सौन्दर्यकरणकालागि २५ असार २०७७ मा ठेक्का सम्भौता भएको थियो ।

-बाँकी पृष्ठ ३ मा

# दुई महिनादेखि अन्धकारमा हीरापुरवासी

**घनश्याम बलम्पाकी, लालबन्दी ।** सर्लाहीको बरहथवा नगरपालिका-११का झण्डै पाँच सय परिवार करिब दुई महिनादेखि अन्धकारमा बस्न बाध्य छन्। नेपाल विद्युत् प्राकिरणले बरहथवा-११ का हीरापुर, हीरापुर ब्यारेज र खोरकट्टी गाउँमा मंसिर २७ गते बत्ती काटेपछि त्यस क्षेत्रका बासिन्दा अन्धकारमा बस्न बाध्य भएका हुन्। सहकारीले बिजुली बत्तीको बक्यौता रकम चुक्ता नगरेको भन्दै बरहथवा वितरण केन्द्रले बत्ती काटिदिएको हो। उनीहरूले २०६७ सालदेखि विशेश्वरनाथ सामुदायिक ग्रामीण विद्युत् सहकारी संस्थामार्फत बिजुली बत्ती बाल्दै आएका थिए । प्राधिकरणले बत्ती काटेदेखि स्थानीय बासिन्दा अहिले टुकी र मैनबत्तीको भरमा रात काट्दै आइरहेका छन्। हीरापुरका उमेश दासले नियमित बिजुली महसुल बुझाउनेको समेत बत्ती काटिएको गुनासो गरे। 'सुरुदेखि महसुल नतिर्नेले पनि बत्ती बाले, बत्ती त उनीहरूको मात्रै काटिनुपर्ने हो तर हामी खुरुखुरु पैसा बुझाउनेको समेत दुई महिनादेखि बत्ती काटिएको छ', दासले गुनासो गर्दै भने, 'हामी अन्यायमा परेका छौँ। अन्धकारमा रात काट्नुपरेको छ । बालबच्चाले पढ्न पाएका छैनन्।' अर्का स्थानीय रघुनाथ महतोले महिनै पिच्छे महसुल बुझाएको रसिद भए पनि दुई महिनादेखि सबैको बत्ती काटिदिँदा समस्या भइरहेको गुनासो गरे। सहकारी संस्थाका पदाधिकारीले सुरुदेखि नै हेलचक्र्याइँ गर्दा आफूहरू अन्धकारमा बस्नुपरेको महतोको गुनासो छ। उनले गाउँमा बिजुली नहुँदा अन्यत्र रहेका आफन्तसँग कुराकानी गर्न पाएका छैनन् । 'अहिलेको युगमा सबैजना फोन, इन्टरनेटमार्फत परिवार तथा आफन्तसँग सम्पर्कमा हुन्छन्। यहाँ त दुई महिनादेखि बत्ती छैन',गाउँलेको पीडा पोखे, 'पैसा नतिर्नेको मात्रै बत्ती काटेको भए हुन्थ्यो, सबैको बत्ती काटी दुई



महिनासम्म अन्धकारमा राखिएको छ।' बिजुली नहुँदा बरहथवा नगरपालिका-११ स्थित वडा कार्यालयमा अनलाइनबाट हुने सम्पूर्ण काम प्रभावित छन्। 'बत्ती नरहेकाले अनलाइनबाट हुने घटना दर्ताका लागि सेवाग्राहीलाई नगर पालिका कार्यालयमै पठाइरहेका छौँ', वडासचिव धीरेन्द्र रायले भने, 'सेवाग्राही आफैँले आफ्नो विवरण पञ्जीकरण शाखामा गएर 'अनलाइन दर्ता' गराएर ल्याउनु हुन्छ, त्यसपछि हामीले यहाँबाट उक्त कागजातमा हस्ताक्षर गरेर दिने गरेका छौँ।' विशेश्वरनाथ सामुदायिक ग्रामीण विद्युत् सहकारी संस्थाका उपाध्यक्ष रामकृष्ण चालिसेले कतिपय ग्राहकले पैसा नबुझाइदिँदा यो अवस्था आएको बताए। चालिसेले गत वर्ष प्राधिकरणको थोक मिटरमा उठेको अंकअनुसार सम्पूर्ण बक्यौता चुक्ता गरे पनि पछि फेरि बक्यौता रकम देखाइएको बताए । 'हामीले सम्पूर्ण रकम चुक्ता गरेर सरकारीमा जाने भन्यौँ, त्यसपछि प्राधिकरणले थोक मिटर काठमाडौँमा लगेर परीक्षण गर्दा दुईतीन महिनादेखि मिटर बिग्रिएको रहेछ भन्दै बक्यौता देखायो', चालिसेले भने, 'गाउँलेबाट पैसा उठाएर गत वर्ष पुसमै चुक्ता गरिसकेका थियौँ, पछि फेरि बक्यौता देखाए। हामीले कहाँबाट ल्याएर तिर्नुरु' उनले सहकारीले कुनै पनि किसिमको आर्थिक अपचलन नगरेको दावी गरे। '३१७ घरमा मिटर थियो, त्यसमध्ये नियमित पैसा दिने ३०-३५ जना मात्रै हुन्थे। प्राधिकरणले हामीकहाँ बक्यौता हुँदा हामीलाई मिटर दिँदैनथ्यो। हामीले ग्राहकलाई अन्धकारमा बस्न नपरोस् भनेर घाटा, नाफा जे भए पनि 'सब मिटर' राखेर भए पनि बत्ती बाल्न दिएका थियौँ', चालिसेले भने, 'पैसा बाँकी राख्नेहरूले पछिसम्म पनि पैसा नदिँदा यो अवस्था आएको हो।' प्राधिकरणले यसअघि पनि वेलावेला गाउँमा आएर बत्ती काट्दा स्थानीयले पैसा उठाएर केही बक्यौता रकम तिरेर बत्ती सञ्चालन गर्न लगाउने गरेका थिए। यो पटक भने मंसिर २७ गतेदेखि प्राधिकरणले बत्ती काटेको छ । ग्रामीण विद्युतीकरण असफल भएपछि अब भने सोझै प्राधिकरणबाट घरघरमा मिटर राखेर प्राधिकरणले नै ग्राहकको घरघरमा पुगेर मिटर रिडिङ गर्ने व्यवस्था मिलाउन लागिएको बरहथवा-११ का वडाध्यक्ष नवराज राईले बताए। वडाध्यक्ष ग्रामीण विद्युतीकरण गर्ने सहकारीले हरहिसाब, लेखापरीक्षण केही नगरेको र संस्था नै लथालिंग अवस्थामा रहेकाले प्राधिकरणकै माध्यमबाट बिजुली मिटर प्रयोग गरी महसुल संकलनको व्यवस्था मिलाउन लागिपरेको बताए। उनले सहकारी संस्था र त्यसका पदाधिकारी तथा व्यवस्थापकको त्रुटिले स्थानीयले सास्ती खेप्नु परेको बताए। सहकारीका पदाधिकारीलाई संस्थाको घाटा, नाफा के छ रु भनेर वडामै बोलाएर छलफल राख्दा कुनै हरहिसाब नै देखाउन नसकेको वडाध्यक्ष राईको भनाइ छ ।

-बाँकी पृष्ठ २ मा

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौ ।"

LIVER FUNCTION TEST
- Bilubine Total / Direct
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- STOOL R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETES PACKAGE
- URINE R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose /F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा. लि.
बर्दिवास-१४, औरहीरोड सम्पर्कः ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्सः ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुलसा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com